# ताराखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अर्गल, बागलुङ

प.स. ०८२/०८३

च.न.

गण्डकी प्रदेश नेपाल।

### गाईघाट झरनामा पर्यटन प्रवेश शुल्क संकलनको प्रस्ताव आवहान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/३२)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ. (३) अनुसार ताराखोला गाउँपालिकाको आर्थिक ऐन २०८३ बमोजिम आ.व. २०८३/०८४ को लागि यस गाउँपालिकाको वडा नं. १ मा पर्ने गाईघाट झरनामा मनोरञ्जन स्थलको रूपमा पर्यटन प्रवेश शुल्क उठाउन तथा कायाकिङ्ग सञ्चालनको आय ठेक्का सम्बन्धी कार्य गर्न चाहाने व्यक्ति,फर्म वा कम्पनीले निम्न लिखित शर्तको अधिनमा रही आफ्नो फर्म नवीकरण गरेको प्रमाणपत्र, मू.अ कर दर्ता प्रमाणित तथा आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी (व्यक्तिको हकमा नागरिकता प्रमाण पत्र, प्यान दर्ता, ठेक्का सम्बन्धी कार्य गर्नको लागि योग्य भएको स्वघोषणा पत्र) प्रस्ताव फारम राजश्व शाखाबाट खरिद गरी (वा कार्यालयको वेभसाईटबाट डाउनलोड गरी बैंकमा राजश्व बुझाएर) रितपूर्वकको प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| शिल कोटेशन नं. | प्रस्तावको नाम | प्रस्तावको प्रकार | न्यूनतम बोल रकम रु. (मू.अ.कर र अ.आ. कर बाहेक) रु. | प्रस्ताव फाराम दस्तुर रु. | बैंक जमानत | प्रस्ताव खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|
| ०४/०८२/०८३ | गाईघाट झरनामा पर्यटन प्रवेश शुल्क संकलन तथा कायाकिङ सञ्चालन | खुला, न्यूनतम बढी बढाउ | १,२०,०००/- | १,०००/- | कबोल रकमको ५% | २०८३/०४/०६ गते सम्म |

प्रस्ताव सम्बन्धी शर्तहरुः

१. प्रस्ताव शिलबन्दी गरी रीत पूर्वक दर्ता गर्नु पर्नेछ ।

२. प्रस्ताव सूचना प्रकाशित भएको मितिले ७ दिनसम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी वा प्रभु बैंक ताराखोला शाखा, बागलुङमा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं. १६७०१०९८५१००००६३ मा रकम जम्मा गरी भौचर पेश गरी कार्यालयको प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ। खरिद गरिएको प्रस्ताव फारम मिति २०८३/०४/०७ गते दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्ने छ। प्रस्ताव दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय सञ्चालन हुने अर्को दिनको १२ बजे सम्म प्रस्ताव दर्ता गर्न सकिने छ ।

३. प्रवेश शुल्क संकलन गर्दा गाउँपालिकाले तोकिएको दररेटमा गर्नुपर्ने छ ।

४. सम्झौताको लागि छनौट भएको प्रस्तावदाताको कबोल रकमको २०% रकम सम्झौता गर्दाको समयमा, ४०% रकम २०८३ पुष मसान्त सम्म र बाँकी ४०% रकम २०८४ असार २० गते सम्म दाखिला गरी सक्नु पर्ने छ। साथै ठेक्का सम्झौता गर्दा ८०%ले हुन आउने रकमको बैंक जमानत सम्झौताको अवधि भन्दा ३० दिन बढी म्याद रहेको हुनु पर्ने छ वा नगदै जम्मा गर्न सकिनेछ ।

५. ठेक्काको अवधि २०८४ असार मसान्त सम्मको हुनेछ ।

६. प्रस्ताव स्वीकृत/अस्वीकृत गर्ने सम्पूर्ण अधिकार गाउँपालिका कार्यालयमा नीहित रहने छ ।

७. प्रस्ताव फाराम गाउँपालिकाको वेभसाईट www.tarakhola.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

२०८३/०३/३२

बिमल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

# तारखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अर्गल, बागलुङ

गण्डकी प्रदेश नेपाल।

प.स. ०८२/०८३
च.न.

**प्रस्तावाना फाराम नं. ०४/०८२/०८३ (गाईघाट झरनामा पर्यटन प्रवेश शुल्क संकलन तथा कायाकिङ सञ्चालन)**

| क.सं. | सङ्कलन गर्ने प्रस्तावदाताको नाम | कबोलदर (मू.अ.कर बाहेक अंकमा) | कबोलदर (मू.अ.कर बाहेक अक्षरमा) | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**प्रस्तावदाताको:**
नामः
ठेगानाः
मितिः
दस्तखतः

संस्थाको छापः

पुनश्चः प्रस्ताव फाराममा कुनै कारणले केरमेट गर्नुपरेमा केरमेट भएको ठाउँमा प्रस्तावदाताको सहि छाप अनिवार्य रुपमा हुनुपर्ने छ ।

२०८२/०८/१२
बिमल रिजाल
प्रमुख प्रशासकीय अधिकृत